बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेश प्रदेश, नेपाल
(२०७३)

**बागमती माछा पोखरी तथा बगैचा पर्यटन क्षेत्र**

**प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना**

(प्रथम पटक सूचना प्रकाशित मिति:२०८२/०४/२४)

बागमती नगरपालिका नगर कार्यपालिकाको कार्यालयले नगरपालिकाको आर्थिक, सामाजिक र सास्कृतिक विकासमा टेवा पुर्याउदै स्थानीय स्तरमा रोजगारीको सृजना गर्ने उद्धेश्यले बागमती माछा पोखरी परिषरमा आ.ब. २०८२/०८३ को लागि मनोरञ्जनात्मक मेला/ बाल उधान सञ्चालन गर्ने भएको हुनाले नगरपालिकाले तोकेको समय र स्थानमा तपसिलमा उल्लेख भए बमोजिमको सर्तहरु पलना गर्ने गरी मेला व्यवस्थापन तथा संचालनको लागि ईच्छुक कम्पनी, फर्मले यस सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयमा प्रस्ताव पेश गर्न आह्वान गरिएको छ ।

मेला सञ्चालन सर्तहरू:

- मेला आयोजना गर्ने कुल स्थानको क्षेत्रफल (वर्गमिटर) अनुसार भाडा निर्धारण गरिनेछ ।
- न्यूनतम प्रस्तावित भाडा दर: प्रति वर्गमिटर रु. १०।.प्रतिमहिना रहने छ ।
- क्षेत्रफल १ विगाहा
- प्रस्तावकले उक्त न्यूनतम दर भन्दा अधिक भाडा दर प्रस्ताव गर्न सक्नेछन्।
- प्रस्तावकले संचालन गर्ने सर्म्पुण मनोरञ्जनको साधनहरुको विस्तृत योजना तथा ड्इङ्ग पेश गर्नु पर्ने छ ।
- खाजा, खाना तथा पिय पदार्थहरु विक्रि वितरण गर्न पाईने छैन ।
- मेला सञ्चालनको अवधि: आ.व.२०८२/०८३ (२०८३ असार मशान्त सम्म रहनेछ)
- पर्यटक/ग्राहकको सुरक्षाको लागि सम्पुर्ण खेलको सामुहिक/व्यक्तिगत वीमा गरिएको हुनु पर्नेछ ।
- पर्यटकहरुको घुईचो नहुने गरी यथोचित व्यवस्था गर्नु पर्ने छ ।
- प्रस्तावकले सबै प्रकारका प्रशासनिक, सुरक्षात्मक, सरसफाइ, तथा कानूनी जिम्मेवारी स्वयं बेहोर्नुपर्नेछ ।

२. प्रस्ताव पेश गर्ने आवश्यक कागजातहरू:

- प्रस्तावकको कम्पनी/संस्था दर्ता प्रमाणपत्र (Company/firm registration certificate)
- ईजाजत प्रमाण पत्र तथा नविकरण
- स्थायी लेखा नम्बर (PAN/VAT)
- कर चुक्ता प्रमाणपत्र (Tax clearance certificate)
- मेला सञ्चालनको विस्तृत प्रस्तावपत्र (Detailed Proposal)
- पूर्व अनुभव प्रमाण पत्र/ सिफारिस/ प्रशंशापत्र
- नागरिकता प्रमाणपत्र/संस्थागत प्रतिनिधिको परिचयपत्र
- धरौटी रकम कवोल भाडा दरले वार्षिक हुन आउने रकमको ५ प्रतिशत
- बैंक ग्यारेन्टी वा सिफारिस गरिएको धितो/धरौटी ।

३. प्रस्ताव पेस गर्ने तरिका र मिति:

प्रस्ताव पेश गर्ने अन्तिम मिति: २०८२ भाद्र ८ गते (कार्यालय समय भित्र) बागमती नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कर्मैया, सर्लाही । सिलबन्दी प्रस्तावपत्र मात्र स्वीकार गरिनेछ ।

ढिलो प्राप्त भएका वा अपूर्ण कागजात समावेश भएका प्रस्तावहरू स्वीकृत गरिने छैनन्।

४. थप जानकारी:

प्रस्ताव मूल्याङ्कन गर्दा अनुभव, प्रस्तुत अवधारणा, स्थानीय सामग्री तथा सहभागीता, बजेट स्पष्टता, सुरक्षाको योजना लगायतका पक्षहरूलाई प्राथमिकता दिइनेछ ।

प्रस्ताव चयन सम्बन्धी नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

कुनै पनि प्रस्ताव अस्वीकृत गर्न वा मेला आयोजना स्थगन गर्न नगरपालिकालाई पूर्ण अधिकार हुनेछ ।

यस सूचना अनुसार इच्छुक प्रस्तावकहरूलाई आवश्यक तयारी गरी तोकिएको समयमा प्रस्ताव पेस गर्न अनुरोध गरिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रतीत भण्डारी
प्रमुख प्रशासकीय अधिकृत